निर्णयहरू:-

१. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का सदस्यहरूबाट कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा आ-आफ्ना क्षेत्रबाट भईरहेका गतिविधिका सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

२. मिति २०७८-०३-२७ गते आइतवारदेखि मकवानपुर जिल्लाभित्र मात्र यातायात व्यवसायीहरूलाई देहायका मापदण्डहरू पालना गरी, गराई स्वीकृत सिट क्षमता अनुसार सार्वजनिक सवारी साधनहरू सञ्चालन गर्न दिनका लागि आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने ।

क. सवारी साधनहरू विहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने,

ख. कूल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

ग. सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने,

घ. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने,

ङ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

च. सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गर्नुपर्ने,

छ. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रूपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

ज. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

झ. मयुरी, अटो, टयाम्पो, म्याजिक गते अनुसार जोर बिजोर प्रणालीका आधारमा मात्र सञ्चालन गर्ने ।

२०७८/३/२४

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी